# फिदिम राजपत्र

फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः १० फिदिम, पाँचथर २०८२ पौष २३ गते सङ्ख्याः ४


## भाग-२

## फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## फिदिम पाँचथरको सूचना

गाई वा भैंसी खरिदमा अनुदान वितरण कार्यविधि, २०८२

# गाई वा भैँसी खरिदमा अनुदान वितरण कार्यविधि, २०८२

**प्रस्तावना :**

फिदिम नगरपालिकामा स्थानीय दुग्ध उत्पादन वृद्धि, कृषकको आयस्तर सुधार, व्यावसायिक पशुपालन प्रवर्द्धन तथा रोजगारी सृजना गर्ने उद्देश्यले गुणस्तरीय गाई वा भैंसी खरिद गर्ने कृषकलाई ‘‘कृषकसँग नगर प्रमुख कार्यक्रम’’ र कृषि विषय क्षेत्रसँग सम्बन्धित अन्य विनियोजन मार्फत आर्थिक प्रोत्साहन उपलब्ध गराउन नगरपालिकाले गाई वा भैसी खरिदको लागतमा कृषकलाई अनुदान प्रदान गर्न, स्थानीय पशुपालन व्यवसायको विकास, दुग्ध आपूर्ति सुदृढीकरण तथा नगरपालिकामा दीगो समृद्धि हासिल गर्न फिदिम नगरपालिका कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ को दफा ३६ बमोजिम अलग्गै कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधी बनाइ लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधीको नाम ‘‘गाई वा भैँसी खरिदमा अनुदान वितरण कार्यविधि, २०८२’’ रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) ‘‘अनुदान’’ भन्नाले गाई वा भैंसी खरिदमा उपलब्ध गराउने रकमलाई जनाउँछ।

ख) ‘‘कार्यपालिका’’ भन्नाले फिदिम नगरपालिकाको कार्यपालिकालाई जनाउँछ।

ग) ‘‘नगरपालिका’’ भन्नाले फिदिम नगरपालिकालाई जनाउँछ।

घ) ‘‘नगर प्रमुख ’’ भन्नाले फिदिम नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ।

ङ) ‘‘लाभग्राही’’ भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषक समूह वा सहकारीलाई जनाउँछ।

**३. उद्देश्य :**

क) यस कार्यविधिको मुख्य उद्देश्य यस नगरपालिका क्षेत्रभित्र व्यवसायिक पशुपालन प्रवर्द्धन गर्दै दुग्ध उत्पादन वृद्धि गरी कृषकको आयस्तर सुधार तथा रोजगारी सिर्जना गर्नु रहेको छ।

**४. अनुदान दर र सीमा** :

क) गाई वा भैंसी खरिदको लागि फिदिम नगरपालिकाले रू. ४०,०००/- (अक्षरेपी रकम चालिस हजार) अनुदान रकम उपलब्ध गराउनेछ।

ख) प्रति पशु खरिद लागत न्यूनतम रु.९०,०००/- (नब्बे हजार) हुनुपर्नेछ।

ग) पशु खरिद गरिसकेपछि कम्तिमा ५ वर्षसम्म बिक्री गर्न नपाउने, बिक्री गर्नु पर्ने भएमा वडा कार्यालयको स्वीकृति लिएर मात्र विक्रि गर्नुपपर्ने तर सट्टामा अर्को गाई खरिद अनिवार्य गर्नुपर्ने।

**५. पशुको स्पेशिफिकेशन र मापदण्डः** अनुदान सहयोगमा देहाय बमोजिमको स्पेशिफिकेशन र मापदण्ड बमोजिमको उन्नत/बर्णसंकर गाई/भैंसी खरिद गर्नुपर्नेछ।

क) पशुको उमेर कम्तिमा ३ वर्ष को पहिलो/दोश्रो/तेश्रो बेतको हुनुपर्नेछ।

ख) दैनिक दुग्ध उत्पादन क्षमता गाईकको हकमा कम्तीमा १० लिटर र भैंसिको हकमा कम्तीमा ५ लिटर क्षमता भएको हुनुपर्नेछ।

ग) गाई /भैंसी फिदिम नगरपालिका बाहिरबाट खरिद गरेको हुनुपर्नेछ।

घ) पशु पूर्ण रुपमा स्वस्थ र निरोगी हुनुपर्नेछ ,खरिद गरेको पशुको अनिवार्य स्वास्थ्य प्रमाण पत्र भएको हुनुपर्नेछ।

ङ) खरिद गरेको पशुलाई अनिवार्य पशु विमा गराउनुपर्नेछ।

**६. लाभग्राहीको योग्यताः**

क) फिदिम नगरपालिकामा स्थायी बसोबास गरिरहेको हुनुपर्ने।

ख) गोठ, पानी तथा घाँस-चारोको पर्याप्त व्यवस्था हुनुपर्ने।

ग) यो कार्यविधि लागू हुनुअघि सोही उद्देश्यको लागि कम्तिमा ३ बर्षभित्र अनुदान नलिएको हुनुपर्ने।

घ) नगरपालिका भित्र रहेका कृषक, कृषक समूह, सहकारी वा सरकारी कार्यालय हुनुपर्ने।

**७. आवेदन प्रक्रियाः**

क) मापदण्ड अनुसारको आवश्यक कागजात तथा प्रमाण पत्रको आधारमा अनुसूचि -१ बमोजिमको निवेदन नगर प्रमुख समक्ष पेश गर्नुपर्ने ।

**८. आवेदनका लागि आवश्यक कागजातः**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) चालु आ.व.को तिरो तिरेको रसिदको प्रतिलिपि।

ग) सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र।

घ) का -१ बमोजिमको निवेदन।

ङ) अनुसूची-२ बमोजिमको लागत सहभागिताको पत्र।

९. लाभग्राही छनौट प्रक्रियाः

क) फिदिम नगरपालिकाको पशु सेवा शाखाबाट स्थलगत अनुगमन पश्चात मापदण्ड पुरा गरेका कृषक, कृषक समूह वा सहकारी तथा सरकारी निकायलाई निवेदन दर्ताको प्राथमिकताका आधारमा छनौट गरिनेछ।

ख) लाभग्राहीको अन्तिम सूची नगर प्रमुखबाट स्वीकृत गरिनेछ .

ग) स्वीकृत लाभग्राहीसँग अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

**१०. भुक्तानीको प्रक्रियाः**

क) पशु खरिदको बिल/बिक्रिनामा भर्पाई (अनुसूची-४) बमोजिम, ढुवानिको भर्पाई , पशुको स्वास्थ्य प्रमाणपत्र, पशु बिमा, सम्बन्धित वडाको वडाअध्यक्ष, सम्बन्धित शाखाको कर्मचारी र सम्बन्धित वडाको वडासचिवले संयुक्त रूपमा अनुगमन गरी कार्यसम्पन्न भएको सिफारिस, पशुको २ प्रति फोटो संलग्न राखी सम्बन्धित लाभग्राहीको बैंक खातामा भुक्तानी गरिनेछ।

**११. अनुगमन तथा मूल्याङ्कनः**

क) यस मापदण्डको अनुगमन फिदिम नगरपालिकाबाट गरिनेछ।

ख) गलत विवरण पेश गरी अनुदान  लिएमा कानुन बमोजिम कारबाही गरिनेछ र अनुदान रकम फिर्ता गराइनेछ।

**१२. संशोधनः** यस कार्यविधिलाई नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ।

## अनुसूची-१

**(कार्यविधिको दफा ८ घ सँग सम्बन्धित)**

मितिः.......................

**बिषयः अनुदानमा गाई/भैँसी खरिद कार्यक्रम संञ्चालनको लागि सहभागी हुन पाउँ बारे ।**

श्रीमान् नगर प्रमुख ज्यू.
फिदिम नगरपालिका, पाँचथर ।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाको “कृषकसँग नगर प्रमुख कार्यक्रम” र कृषि विषय क्षेत्रसँग सम्बन्धित अन्य विनियोजन मार्फत तहाँ नगरपालिकाले गाई वा भैँसी खरिदको लागतमा कृषकलाई अनुदान प्रदान गर्न मिति ................. मा प्रकाशन गरेको सूचना अनुसार लागत साझेदारीमा उन्नत/वर्णसंकर गाई / भैंसी खरिद गर्न ईच्छुक भई तपसिल अनुसारका कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं । उल्लिखित कार्यक्रममा सहभागी हुन फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयसँग “गाई वा भैंसी खरिदमा अनुदान वितरण कार्यविधि, २०८२” बमोजिम हुने सम्झौता र तोकिएको सबै मापदण्ड पालना गर्नेछु/गर्नेछौँ । सम्बन्धित निकायबाट अवलोकन/निरीक्षण गर्दा सम्झौताको विपरित गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारबाहीको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/गर्दछौ ।

**आफुसँग भएको पशु संख्या ।**

| क्र.स | पशुको किसिम र सख्या | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | गाई | भैसि | बाछा/बाछी | पाडा/पाडी | | |
| | | | | | | |

**तपसिल**

| क्र.सं. | संलग्न कागजातहरू | संख्या |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपी | |
| २ | वडा कार्यालयको सिफारिस | |
| ३ | जग्गा धनिपुर्जा, तिरो तिरेको रसिद | |
| ४ | व्यवसाय भए दर्ता / नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ७ | लागत साझेदारीको प्रतिवद्धता | |

**आवेदकको नामः**		**ठेगानाः फिदिम नगरपालिका, वडा नं. ......**

**दस्तखतः**		**सम्पर्क नः**

**अनुसूचि-२**

**प्रतिबद्धता-पत्र**

**(कार्यविधिको दफा ८ ङ सँग सम्बन्धित)** मितिः..................

विषय: **लागत साझेदारी प्रतिबद्धता पत्र**।

श्रीमान् नगर प्रमुख ज्यू.
फिदिम नगरपालिका, पाँचथर।

प्रस्तुत विषयमा तहाँ नगरपालिकाको ‘‘कृषकसँग नगर प्रमुख कार्यक्रम’’ र कृषि विषय क्षेत्रसँग सम्बन्धित अन्य विनियोजन मार्फत तहाँ नगरपालिकाले गाई वा भैँसी खरिदको लागतमा कृषकलाई अनुदान प्रदान गर्न मिति ................. मा प्रकाशन गरेको सूचना अनुसार लागत साझेदारीमा उन्नत/वर्णसंकर गाई / भैंसी खरिद गर्न ईच्छुक निवेदन पेश गरेकोमा म/हामी निवेदकले हाल सम्म कुनैपनि निकायबाट कम्तीमा ३ वर्ष अघिबाट सोही प्रकृतिको अनुदान नलिएको र उल्लेखित कार्यक्रम सञ्चालनका लागि गाई/भैंसी खरिद कार्यक्रम पश्चात कम्तिमा ५ वर्ष उक्त व्यवसायलाई निरन्तरता दिने प्रतिबद्धता गर्दछु। कुनै उजुर बाजुर परे/भएमा स्वयं जिम्मेवार हुनेछु।

आवेदक/कृषककोनाम: ठेगाना: फि.न.पा.-
दस्तखतः सम्पर्क नं

## *अनुसूची-३*
## *द्विपक्षीय सम्झौता-पत्र*
## (कार्यविधिको दफा ९ ग सँग सम्बन्धित)

फिदिम नगरपालिकाको "कृषकसँग नगर प्रमुख कार्यक्रम" र कृषि विषय क्षेत्रसँग सम्बन्धित अन्य विनियोजन मार्फत गाई वा भैँसी खरिदको लागतमा कृषकलाई अनुदान प्रदान गर्न फिदिम नगरपालिकाले मिति ................. मा प्रकाशन गरेको सूचना अनुसार लागत साझेदारीमा उन्नत/वर्णसंकर गाई / भैंसी खरिद गर्न ईच्छुक भई पेश हुन आएको आवेदनहरू मध्ये फिदिम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति ............................ को निर्णयबाट लाभग्राही छनौट गरिएको हुँदा फिदिम नगरपालिका यस पछि (प्रथम पक्ष भनिने) र आवेदक लाभग्राही कृषक **....................................................**फिदिम-......... यस पछि (दोश्रो पक्ष) भनिने का बीच तपसिल बमोजिमका शर्तहरू पालना गरी कार्यक्रम संचालन गर्न मन्जुर भई यो सम्झौता गरिदियौ / लियौ।

**तपशिल**

१.उन्नत जातका गाई खरिद कार्यक्रम पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नं. ......... को......................... गाउँ / टोलमा मिति .......................................... मा सम्पन्न गरिने छ।

३.दोस्रो पक्षले गाई खरिद कार्य गर्दा दुध उत्पादनलाई मुख्य आधार मानि न्युनतम् देहायको स्पेशिपिकेशन भएको पशु(गाई/भैंसी ) खरिद गर्नुपर्नेछ ।

| क्र.स | पशुको किसिम नाम | स्पेशिफिकेशन |
|---|---|---|
| १ | उन्नत/बर्णसंकर पशु(गाई) | दिनमा कम्तिमा १० लि. दुध दिने, निरोगि, श्वस्थ ३ बर्ष भन्दा माथिको पहिलो/दोश्रो/तेश्रो वेतको माउ/गर्भेणी उन्नत/ वर्णसंकर जातको गाई खरिद गर्नुपर्नेछ। |
| २ | उन्नत बर्णसंकर पशु भैंसि | दिनमा कम्तिमा ५ लिटर दुध दिने, निरोगि, श्वस्थ ३ बर्ष भन्दा माथिको पहिलो/दोश्रो/तेश्रो वेतको माउ/गर्भेणी उन्नत/ वर्णसंकर जातको भैंसी खरिद गर्नुपर्नेछ। |

३.दोस्रो पक्षले पेश गरेको कार्यक्रम कार्ययोजना बमोजिमका क्रियाकलापहरूको संचालनको लागि अनुदान वापतको रु............................. वा पेश भएको वील भर्पाइको ५०% रकम जुन कम हुन्छ सोही रकम उपलब्ध गराईनेछ।

४.दोस्रो पक्षले कारणवशं कार्यक्रम गर्न असमर्थ भएमा ७ दिनभित्र नगरपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ। सम्झौता बमोजिम तोकिएको समय अवधी भित्र कार्य सम्पन्न नगरे स्वंत सम्झौता खारेज गरि वैकल्पिक कृषकहरुलाई सम्झौता गराई कार्यक्रम संचालन गरिने छ।

५.दोश्रो पक्षले पशुको अनिवार्य विमा गर्नुपर्ने साथै नगरपालिकाभित्र खरिद गर्न नपाउने, अन्य पालिका/जिल्लाबाट खरि गर्नुपर्ने साथै ढुवानि भएमा भाडा पेश गर्न सकिनेछ र खरिदमा विल नभए विक्रिनामा भर्पाइमा खरिद/विक्रि गरेको भए खरिद गरेको सम्बन्धित पालिका/वडाको पशु शाखा /जनप्रतिनिधिको रोहवर अनिवार्य गर्नुपर्नेछ।

६.प्रथम पक्षले अनुगमन गर्दा सम्झौता र स्पेशिफिकेशन बमोजिम काम सम्पन्न नभएको पाईएमा भुक्तानि दिन नसकिने, सम्झौता मुताविक काम सम्पन्न भएमा दोस्रो पक्षलाई नियमानुसार अनुदान स्वरुप पाउने रकम भुक्तानी दिईनेछ , साथै अनुदानग्राही कृषकले खरिद गरेको गाई/भैंसी कम्तिमा ५ बर्षसम्म बिक्रि गर्न नपाउने बिक्रि गर्नैपर्ने भए वडा कार्यालयको स्वीकृति लिईमात्र बिक्रि गर्ने र सट्टामा अर्को पशु(गाई/भैंसी) खरिद अनिवार्य गर्नुपर्नेछ।

७.दोश्रो पक्षले भुक्तानिका लागि लागत साझेदारी रकम रु **.......................,** विल,भर्पाई ,२ प्रति फोटा (ढुवानि र गोठमा राखेको) निरोगिताको प्रमाणपत्र, पशु विमा, वडा कार्यालयको अनुगमन सहित कार्य सम्पन्न सिफारिस र १ प्रति चेकको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

८.दवश्रो पक्षले सम्झौता मुताविकको कार्य नगरी/आफ्नै घरको गाई देखाई , प्राप्त रकमको दुरुपयोग गरेको पाईएमा प्रथम पक्षले सो वरावरको रकम सरकारी बाँकी सरह अशुल उपर गरी कार्वाही समेत गर्नेछ।

९.दोश्रो पक्षलाई कार्यक्रमको (खरिद) उपर कुनैपनि उजुर वाजुर परेमा वा अनिमियतता ठहर भएमा दोश्रो पक्ष श्वयम जिम्मेवार हुनेछ। कार्यक्रम संचालनमा अप्रत्यासित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवार दोश्रो पक्षको हुनेछ। साथै कुनै विवाद आएमा दुवै पक्षको आपसी समझदारीमा समाधान गरिने छ।

**तपशिलः**

| क्र.स | क्रियाकलापको नाम | जम्मा अनुमानित लागत रकम रु | प्रथम पक्षले बेहोर्ने अधिकतम अनुदान सहयोग रकम | दोस्रो पक्षले बेहोर्ने न्युनतम साझेदारी रकम |
|---|---|---|---|---|
| १ | उन्नत पशु गाई/भैंसी खरिद कार्यक्रम | | | |

**दोश्रो पक्षको तर्फबाट**
**नामः**
(कृषक/लाभग्राही)
सम्पर्क नं-

**प्रथम पक्षको तर्फबाट**
**नामः** कुमार प्रसाद भट्टराई
**पदः** प्रमुख प्रशासकीय अधिकृत

....................................
पशुपन्छी विकास शाखाको तर्फबाट साक्षी
नामः
पदः

..................................
वडा कार्यालयको तर्फबाट साक्षी
नामः
पदः

**इति सम्बत ....... साल ....... महिना ...... गते ......... रोज शुभम् ।**

# अनुसूची-४

## बिक्रीनामा भरपाई

**(कार्यविधिको दफा १० क सँग सम्बन्धित)**

भरपाई दादै फिदिम नगरपालिकाको “कृषकसँग नगर प्रमुख कार्यक्रम” र कृषि विषय क्षेत्रसँग सम्बन्धित अन्य विनियोजन मार्फत गाई वा भैँसी खरिदको लागतमा कृषकलाई अनुदान प्रदान गर्न फिदिम नगरपालिकाले मिति .................. मा प्रकाशन गरेको सूचना अनुसार लागत साझेदारीमा उन्नत/वर्णसंकर गाई / भैंसी खरिद गर्न ईच्छुक भई फिदिम नगरपालिका, वडा नं. ………… स्थायी ठेगाना रहेको श्री ..................................................... ले जिल्ला……………..वडा नं .......... बस्ने वर्ष..............को श्री ......................................................बाट तपशिल बमोजिमको मापदण्ड भएको गाई खरिद गरेबाप पत रु................अक्षेरुपी...................................... बुझिलिई यो भरपाईमा सहिछाप गरि लियौ /दियौ।

**तपशिल :**

| क्र.सं. | मिति | खरिद गरेको पशु | स्पेशिफिकेशन | खरिद मुल्य मुल्य | कैपियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | **जम्मा** | | |

................................

**विक्रि गर्नेको तर्फबाट**

नामः

ठेगानाः

सम्पर्क नः

................................

**खरिद गर्नेको तर्फबाट**

नामः

ठेगानाः

सम्पर्क नः

**विवरणः** उल्लेखित पशु खरिद गर्ने र विक्रि गर्ने विचको विवरण सत्य तथ्य भएको बेहोरा प्रमाणित गर्दछु।

..................................

**रोहवर**

नामः

पदः

सम्पर्क नः

छापः

**ईति सम्वत्  ........... साल ......................महिना...........गते...........रोज शुभम् ।**

**नोटः** रोहवर खरिद गरेको पालिकाको पशुपन्छी विकास शाखा प्रमुख /प्रतिनिधि वा सम्वन्धित वडा जनप्रतिनिधिको रोहवर अनिवार्य हुनुपर्नेछ

**आज्ञाले**
**कुमार प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**